# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ७** **संख्याः ७** **मितिः २०८०/०८/१२**


### भाग -२

## निजगढ नगरपालिका

## उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

निजगढ नगरपालिकालाई महिलामैत्री नगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्यूनीकरण गर्नुपर्छ । जबसम्म महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुदैनन् तवसम्म हिंसाबाट मुक्त हुन सक्दैनन भन्ने कुरालाई ध्यानमा राखि महिलाहरुको हक, अधिकार सुनिश्चित गर्दै महिलाको आर्थिक सशक्तिकरण, प्रतिष्ठा तथा सम्मान प्रवर्द्धन गरी दिगो विकास हासिल गर्न **उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम** सञ्चालन गर्न लागिएको हो। यो कार्यक्रमले निजगढ नगरपालिकाभित्र भएका महिलाहरुको क्षमता अभिबृद्धि गरेर उद्यमशीलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मुलन गर्नको

निम्ति स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (७) बमोजिम निजगढ नगरपालिका नगर कार्यपालिकाबाट यो "**उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०**" तयार गरी जारी गरिएको छ।

१. **प्रारम्भः** १) यस कार्यविधिको नाम "**उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०**" रहेको छ ।

   २) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

   क) "**कार्यक्रम**" भन्नाले "उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम" सम्झनु पर्दछ ।

   ख) "**कार्यपालिका**" भन्नाले "निजगढ नगरपालिकाको नगर कार्यपालिका" लाई सम्झनु पर्दछ ।

   ग) "**प्रमुख**" भन्नाले निजगढ नगरपालिकाको "प्रमुख" लाई सम्झनु पर्दछ ।

   घ) "**उप-प्रमुख**" भन्नाले निजगढ नगरपालिकाको "उप-प्रमुख" लाई सम्झनु पर्दछ ।

   ङ) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले निजगढ नगरपालिकाको "प्रमुख प्रशासकीय अधिकृत" लाई सम्झनु पर्दछ ।

   च) "**कार्यविधि**" भन्नाले "उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

छ) "**संरक्षक**" भन्नाले यस कार्यविधि अनुसार गठित सञ्चालक समितिको संरक्षक सम्झनु पर्दछ।

**३. कार्यक्रमकको उद्धेश्यः**

१. उद्यमशीलताको माध्यमबाट निजगढ नगरपालिका क्षेत्रभित्र रहेका महिलाहरुलाई स्वरोजगार बनाई उनीहरुमा आर्थिक, सामाजिक रुपान्तरण गरी जीविकोपार्जनमूखी बनाउने ।

२. उद्यमी बन्नका लागि आवश्यक ज्ञान, सीपको विकास गर्दै व्यवहारमूखी कार्यक्रमहरु तय गर्ने।

३. लक्षित महिलाका लागि उद्यमशीलता विकास तालिम, विभिन्न विषयका सीपविकास तालिम, महिला सशक्तिकरण तथा क्षमता अभिवृद्धि तालिमको पहिचान गर्ने ।

४. महिलाहरुको समग्र विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

५. आर्थिक समृद्धिका कार्यक्रम तय गर्ने ।

६. महिला उद्यमी मार्फत संचालित लघु, घरेलु तथा साना उद्योगहरुलाई आवश्यकता अनुसार प्रविधिक सहयोग प्रदान गर्ने।

७. विपन्न वेरोजगारहरुलाई रोजगारीमा जोड्ने उद्देश्यले पालिकाको संरक्षण रहने गरि उद्यम घर संचालन गर्ने ।

**४. कार्यक्रमको क्षेत्रः** प्रस्तावनाको उदेश्य पूरा गर्न निम्न बमोजिमका आधारभूत क्षेत्र तोकिएका छन् ।

१. महिलाको आर्थिक आयआर्जनसँग प्रत्यक्ष सहयोग पुर्याउने ।

२. योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

३. महिलामैत्री उद्यमशीलतालाई पहिलो प्राथमिकता दिई कार्यक्रमलाई अघि बढाउने ।
४. औद्योगिक तथा पर्यटन, कृषि, व्यवसायिक र घरेलु कामहरुलाई लक्षित उद्यमशीलता तालिम, रोजगारमूलक, सीप विकास तथा क्षमता अभिबृद्धि तालिम संचालन।
५. स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीयस्तरका कृषिजन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।
६. निजगढ नगरपालिका क्षेत्रभित्रका महिला लक्षित कार्यक्रमहरु सञ्चालन ।
७. अन्य नगरपालिका तथा गाँउपालिकाहरुसँग महिला उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु सञ्चालनका लागि समन्वय र सहकार्य गर्ने ।
८. कार्यविधिको उदेश्य हासिल गर्न अन्य आवश्यक कामहरु गर्ने ।

**५. कार्यक्रमका रणनीतिः**

१. उद्यमशीलता विकासका लागि प्रारम्भिक रुपमा योजना तर्जुमाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
२. प्राप्त योजनाहरुलाई उद्यमशीलता योजना तयार गरी कार्ययोजना बनाउने ।
३. कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।
४. नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।

**६. सञ्चालक समिति गठन सम्बन्धी व्यवस्थाः**

१. संरक्षकः निजगढ नगरपालिकाका प्रमुख यसको संरक्षक रहने छ ।

२. कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि देहाय बमोजिम सात सदस्यीय संचालक समिति रहनेछ ।

संयोजकः उप-प्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः कार्यपालिकाले तोकेको २ जना कार्यपालिका सदस्य

सदस्यः उद्यमशीलता र सीप विकासका क्षेत्रमा काम गरेका मध्ये संयोजकले तोकेको एकजना

सदस्यः महिला विकास शाखा प्रमुख

सदस्य सचिवः रोजगार संयोजक

**७. सञ्चालक समितिको काम, कर्तव्य तथा अधिकारः**

संचालक समितिको देहाय बमोजिमको काम, कर्तव्य तथा अधिकारहरु रहनेछः

क) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।

ख) वित्तिय साक्षरता, सीप विकास तथा महिला उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन नियमन तथा अनुगमन गर्ने ।

ग) कार्यक्रमको उदेश्य अनुरुप काम गर्ने ।

घ) वडास्तरबाट उद्यमशीलता रोजगारी तथा सशक्तिकरण अभिवृद्धि गर्न सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको लगत संकलन गर्ने ।

ङ) विपन्न वेरोजगारहरुलाई रोजगारीमा जोड्ने उद्देश्यले संचालन गरिने उद्यम घरको व्यवस्थापन तथा अनुगमन गर्ने।

**८. कार्यक्रम छनौट तथा कार्यान्वयनः**

१. उप-प्रमुख महिला उद्यमशीलताका कार्यक्रम सम्बन्धित शाखा वा संघ संस्था मार्फत सञ्चालन गर्न सक्नेछ।

२. महिला सशक्तिकरण, वित्तिय साक्षरता तथा व्यावसायिक सीप विकासको क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

३. वडास्तरबाट कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरी कार्यक्रम अगाडि बढाउन स्वीकृति गर्नसक्ने छ । कार्यक्रमको प्रभावकारिताको अनुगमन सञ्चालक समितिले गर्न सकिनेछ ।

४. सञ्चालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृत गराएर महिला उद्यमशीलताका लागि प्रविधिमा अनुदान तथा सहयोग उपलब्ध गराउन सकिनेछ ।

५. विपन्न र अति विपन्नलाई विशेष प्राथमिकता दिने (एकल महिला, हिंसा पीडित, अपाङ्गता भएका, दलित, आदिवासी/जनजाती र सीमान्तकृत महिला) ।

६. वैदेशिक रोजगारबाट फर्कि आएका पीडित महिलालाई उद्यमशीलता सम्बन्धी कार्यक्रममा सहभागी गराई आवश्यक सहयोग गर्न सकिनेछ ।

**९. बैठक सम्बन्धी व्यवस्थाः**

समितिको बैठक कम्तीमा ६ महिनाको एक पटक बस्नेछ । तर आवश्यक परेमा संयोजकको निर्देशनमा जुनसुकै बेला बैठक आह्वान गर्न बाधा पर्ने छैन ।

**पुनश्चः** आवश्यकता अनुसार बैठकमा अन्य कर्मचारी वा सरोकारवाला संस्था र व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## १०. कोष सम्बन्धी व्यवस्थाः

यस कार्यविधि बमोजिम उपप्रमुख महिला उद्यमशीलता कोषमा देहाय बमोजिमको रकम रहनेछ ।

१. निजगढ नगरपालिकाले छुट्याएको रकम,
२. संघ तथा प्रदेशबाट प्राप्त हुने रकम,
३. विभिन्न संघ संस्था तथा दातृ निकायबाट प्राप्त हुने रकम आदि ।

## ११. विविधः

१. कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार कार्यपालिकाबाट निर्देशिका बनाई लागू गर्न सकिनेछ ।
२. बाधा अड्काउ सम्बन्धीः यस कार्यविधिको कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने र व्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।
३. संशोधन तथा खारेजी सम्बन्धी व्यवस्थाः यस कार्यविधिको आवश्यकता अनुसार संशोधन तथा खारेजी कार्यपालिकाबाट हुनेछ ।

**आज्ञाले**
**नामः राजमणि निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**